# विधेयकमा संशोधनको सूचना

(प्रतिनिति सभा नियमावली, २०७९ को नियम ११२ सँग सम्बन्धित)

श्री सचिव,

प्रतिनिधि सभा, नेपाल

म प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम नियम ११३ को उपनियम (१) को शर्तका अधीनमा रही देहायको विधेयकमा देहाय बमोजिमको संशोधन पेश गर्न चाहन्छु ।

**विधेयकको नाम : संघिय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८०**

| क्र.स. | विधेयकको | | | | शंशोधनको व्यहोरा | | |
|---|---|---|---|---|---|---|---|
| | दफा | उप दफा | खण्ड | उप खण्ड | हालको व्यवस्था | प्रस्तावित संशोधन | संसोधन गर्न पर्ने कारण |
| १ | २ | १ | | | परिभाषा मा थप गर्ने | परिभाषा मा थप गर्ने<br>खण्ड घ पछि देहायको ङ थप गरि खण्डक्रम र सो प्रसंगका सम्पुर्ण नियमहरु सोही अनुसार मिलाउने<br>ङ) “बैठकको अध्यक्षता गर्ने ब्यक्ति” भन्नाले यस नियमावली बमोजिमका बैठक सन्चालन गर्ने प्रतिनिधी सभाको सभामुख वा राष्ट्रिय सभाको अध्यक्ष लाइ जनाउनेछ।सो शब्दले सभामुख वा अध्यक्षको अनुपश्थितीमा संयुक्त सभाको अध्यक्षता गर्ने ब्यक्तिलाइ समेत जनाउनेछ। | स्पष्टताका लागि |
| २ | ३ | ४ | | | उपदफा (४) थप गर्ने | संयुक्त बैठकको सुव्यवस्थित ढङ्गले कार्यसम्पादन गर्ने सम्बन्धमा कार्यतालिका बनाई लागू गर्नु पर्नेछ। | कुशल कार्यसम्पादनका लागि कार्यतालिका आवश्यक |
| ३ | ४ | | | | "सभामुखको निर्देशानुसार .........समेत सदस्यलाई दिन सकिनेछ।" | "सभामुखको निर्देशानुसार महासचिवले बैठक बस्ने दिनको कार्यसूची तयार गर्नेछ र त्यसको एक प्रति सामान्यता कार्यतालिका अनुसार एक हप्ता अगावै सदस्य र संसदीय दलको कार्यालयलाई उपलब्ध गराईनेछ र सोको जानकारी विद्युतिय माध्यमबाट समेत सदस्यलाई दिन सकिनेछ।" | कार्यतालिका अनुसार पाँच वर्षको कार्यसूची तयार भएपनि एक हप्ता अगावै सम्झाउन सूचना प्रदान गर्ने |
| ४ | ५ | | | | थप गरिने | साबिकको नियम ५ मा आएका बिषयहरु पछि थप गर्ने<br>"नियम ५ मा उल्लेखित विषय बाहेक प्रधानमंत्री तथा अन्य मन्त्रीहरुले बिदेशमा औपचारिक भ्रमण गर्नु अघि भ्रमण गरिने देशमा लैजाने विषयवस्तुहरुको बारेमा र भ्रमण पश्चात भएको उपल्बिधको बारेमा संयुक्त बैठकमा प्रस्तुत गर्नुपर्ने छ।" | कहिले यो विषयमा सम्बोधन नै नहुने, कहिले प्रतिनिधि सभा र राष्ट्रिय सभामा एउटामा मात्रै छलफल गरिदै आएकोमा संयुक्त बैठकमा सम्बोधन गरि दोहोरोपना हटाउन र सबैलाइ समेट्न यो प्रावधानले मदद पुग्छ |
| ५ | ६ | १ | | | | संयुक्त बैठकको अध्यक्षता “सभामुखले गर्नेछ” को सट्टामा “सभामुख र अध्यक्षले पालैपालो गर्नेछ” भन्ने शब्दहरु राख्ने र यस पछाडिका सबै नियम उपनियमलाइ सोही भाव अनुसार मिलाउने। | स्पष्टताका लागि |
| ६ | २५ | ३ | | | उपनियम ३ मा निम्न प्रतिबन्धात्मक वाक्य थप गर्ने | उपनियम ३ मा निम्न प्रतिबन्धात्मक वाक्य थप गर्ने<br>"तर समितिमा भएका सो सदस्यहरुलाई दलहरुले कुनै दबाब वा ह्विप नलगाई सदस्यहरुलाई विवेकको मत दिन प्रोत्साहन गर्नुपर्नेछ।" | सदस्यहरुलाई स्वविवेक प्रयोग गर्न प्रोत्साहन गर्न ता की यस्ता महत्वपूर्ण नियुक्तिहरुमा सबै उम्मेद्वारको उचित मूल्याङ्कन होस् र दबाब सिर्जना गर्ने दलहरुलाई कारवाहीको दायरामा ल्याउन |
| ७ | २५ | ३क | | | थप गरिने | "उपनियम (२) र (३) बमोजिम समितिमा मनोनित हुने सदस्यहरुले पदभार गर्नु अगावै आफ्नो सदस्यता भएको सभाका सभामुखमार्फत निम्नलिखित शपथ ग्रहण गर्नुपर्नेछः "मैले यो समितिको सदस्यता लिनका लागि, आफै वा अरुको माध्यमबाट, कसैलाई प्रभाव पार्ने किसिमका कुनै दबाब सिर्जना गर्ने कार्य गरेको छैन। साथै मलाई अहिलेसम्म कुनै संवैधानिक नियुक्तिका लागि कुनै किसिमको दबाब वा प्रभावमा पार्न खोजिएको छैन। यो समितिको सदस्य भएर कुनै निर्णय गर्दा म पार्टीको कुनै किसिमको दबाबमा पर्ने छैन।" यो शपथको उल्लङ्घन भएको जानकारी भएमा समितिका सदस्यलाई समितिबाट दुवै सभाका सभामुखले निस्कासन गर्ने छन्।" | समितिका सदस्यहरुको उच्च नैतिक चरित्र हुन आवश्यक भएकाले कुनै बखत शपथको उल्लङ्घन भएको जानकारी वा पुष्टी भएमा कारवाहीको दायरामा ल्याउन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | २६ | १क | | | नियम २६, उपनियम १ पछि निम्न उपनियम थप गरि नियमक्रम मिलाउने | नियम २६, उपनियम १ पछि निम्न उपनियम थप गरि नियमक्रम मिलाउने: "समितिका सदस्यहरुले सुनुवाई प्रक्रियामा भाग लिनु अगाडी अनिवार्य अभिमुखिकरण, मानव संसाधन व्यवस्थापन र अन्तर्वार्ता लिने तरिका बारे प्रशिक्षण लिनु पर्नेछ। राजदूतहरुको नियुक्ति प्रक्रियालाई सबल बनाउन परराष्ट्र मन्त्रालयले अभिमुखिकरण गर्नेछ। हरेक संवैधानिक आयोग प्रमुख र पदाधिकारीहरुको नियुक्तिका लागि सो आयोगका अवकाश प्राप्त पदाधिकारी र हालका कार्यरत पदाधिकारीले अभिमुखिकरण गर्नेछन्। न्याय परिषद्का सदस्यहरु, प्रधानन्यायधिश र सर्वोच्चका न्यायधीश नियुक्तिका लागि अवकाश प्राप्त सम्मानीत अधिवक्ता, न्यायधीश र पूर्व प्रधानन्यायधिशले अभिमुखिकरण गर्नेछन्। यसका साथै समितिले हरेक दुई वर्ष अन्तरवार्तामा सोध्ने प्रश्नहरुको छुट्टै खाका तयार पार्नेछ र प्रश्नहरु त्यो खाका भन्दा बाहिरका हुनेछैनन्।" | यस्ता महत्वपूर्ण पदहरूको नियुक्ति पारदर्शी बनाउन जिम्मेवार समिति सदस्यहरुको सबलीकरणका लागि |
| ९ | २६ | १ख | | | नियम २६, उपनियम १ पछि निम्न उपनियम थप गरि नियमक्रम मिलाउने | नियम २६, उपनियम १ पछि निम्न उपनियम थप गरि नियमक्रम मिलाउने:<br>"अन्तर्वार्ता सुरु हुनु अगावै सबै उम्मेद्वारहरुले घोषणापत्रमा हस्ताक्षर गर्ने - 'मैले मेरो नियुक्तिको लागि कुनै पनि माध्यमबाट, आफै वा अरु कसैको माध्यमबाट, कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष दबाब वा प्रलोभन दिएको छैन।'" | यस्ता महत्वपूर्ण पदहरुमा उच्च नैतिक चरित्र भएका व्यक्तिहरु हुन आवश्यक भएकाले उम्मेद्वारले कुनै बखत घोषणापत्रको उल्लङ्घन भएको जानकारी वा पुष्टी भएमा कारवाहीको दायरामा ल्याउन |
| १० | २६ | २ | | | उपनियम २ मा निम्न प्रतिबन्धात्मक वाक्य थप गर्ने | उपनियम २ मा निम्न प्रतिबन्धात्मक वाक्य थप गर्ने<br>“यस उपनियममा भएको समयसीमामा समिति गठन नभएको अवस्थामा गणना गरिने छैन। समिति गठन भएको मितिले सो समयको गणना गरिने छ।” | स्पष्टताका लागि |
| ११ | २६ | २ | | | नियम २६, उपनियम २ पछि निम्न उपनियम थप गरि नियमक्रम मिलाउने | नियम २६, उपनियम २ पछि निम्न उपनियम थप गरि नियमक्रम मिलाउने<br>उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए पनि प्रतिनिधि सभा विगठन भएको खण्डमामा सुनुवाईका लागि सम्बन्धित निकायबाट समितिमा नाम प्राप्त भएको मितीले ४५ दिन भित्र समिति गठन हुन सक्ने अवस्था छैन भन्ने स्पष्ट आधार भएमा राष्ट्रिय सभामा १५ सदस्यीय बिशेष समिती गठन गरी संसदिय सुनुवाइ गर्नु पर्नेछ। | समिति बन्न नसकेको खण्डमा वैकल्पिक योजना |
| १२ | २६ | ५ | | | नियम २६, उपनियम ५ पछि निम्न उपनियम थप गरि नियमक्रम मिलाउने | नियम २६, उपनियम ५ पछि निम्न उपनियम थप गरि नियमक्रम मिलाउने: "उजूरी: संवैधानिक नियुक्ति सम्बन्धमा कुनै पनि नागरिकले उजूरी संयुक्त बैठकमा पेश गर्न सक्नेछ। उजूरी प्राप्त भए पश्चात सो उजुरीलाई समितिले स्वतन्त्र अनुसन्धान र तहकीकातलाई अख्तियार अनुसन्धान दुरुपयोग आयोगमा पठाउनेछ। उजुरी प्राप्त भएको १० दिन भित्र अख्तियार अनुसन्धान दुरुपयोग आयोगले अनुसन्धानको प्रतिवेदन समितिलाई पठाउनेछ र सो प्रतिवेदन सार्वजनिक पनि गरिनेछ । सो प्रतिवेदनमा संयुक्त बैठकमा पेश गर्नुपर्नेछ र नियुक्ति प्रकिया अगाडी बढाउनु पर्नेछ।" | उजूरी सम्बन्धी कुनै कानून नभएकाले र उजूरी र अनुसन्धानका बारे स्पष्ट कानून आवश्यक भएकाले |
| १३ | २६ | ५ | | | नियम २६, उपनियम ५ पछि  निम्न उपनियम थप गरि नियमक्रम मिलाउने | नियम २६, उपनियम ५ पछि निम्न उपनियम थप गरि नियमक्रम मिलाउने: "संसदीय सुनुवाई समितिका बैठकहरु प्रत्यक्ष प्रसारण गरिनेछ।" | पारदर्शिताका लागि |
| १४ | ३१ | २ | | | नियम ३१, उपनियम २ पछि निम्न उपनियम थप गरि नियमक्रम मिलाउने | संयुक्त समितिको सुव्यवस्थित ढङ्गले कार्यसम्पादन गर्ने सम्बन्धमा कार्यतालिका बनाई लागू गर्नु पर्नेछ। | कुशल कार्यसम्पादनका लागि कार्यतालिका आवश्यक |
| १५ | ३२ | | | | परिच्छेद ६ पछाडि देहायको परिच्छेद ७ थप गरि परिच्छेदको क्रम मिलाउने तथा नियम ३२ पछि देहायका नियमहरु राखी नियमक्रम समेत मिलाउने | परिच्छेद ७: “लैंगिक समानता सम्बन्धमा निर्देशन तथा कार्यान्वयन अनुगमन समिती”<br>संबिधानको भावना अनुरुप राज्यका सबै निकाय र तहमा लैंगिक समानता सुनिश्चित गर्ने तथा लैगिक बिभेद र हिंशा अन्त गर्ने सम्बन्धि कानुन, संरचना निर्माण र कार्यान्वयनको अनुगमन गर्ने सम्बन्धमा आवस्यक निर्देशन गर्न, यि विषयमा बिशेष छलफल गरि विषय वस्तुमा समान धारणा बनाउन तथा सम्बन्धित निकायहरुका काम कारवाहीलाइ संयुक्त संसदिय समितीको रुपमा अनुगमन गर्न गराउन एक छुट्टै संयुक्त समिती “लैंगिक समानता सम्बन्धमा निर्देशन तथा कार्यान्वयन अनुगमन समिती” रहने छ।<br>उपनियम २, ३, ४, ५ र ६ र अन्य व्यवस्था परिच्छेद ६ मा उल्लेख गरे बमोजिम हुने। माथि उल्लेख गरिएको नियम ३१को संशोधन पनि यस परिच्छेदमा लागू हुनेछ - "संयुक्त समितिको सुव्यवस्थित ढङ्गले कार्यसम्पादन गर्ने सम्बन्धमा कार्यतालिका बनाई लागू गर्नु पर्नेछ।" | परिच्छेद ४, ५ र ६ का अतिरिक्त संबिधानको भावना अनुरुप राज्यका सबै निकाय र तहमा लैंगिक समानता सुनिश्चित गर्ने तथा लैगिक बिभेद र हिंशा अन्त गर्ने सम्बन्धि कानुन, संरचना निर्माण र कार्यान्वयनको अनुगमन गर्ने सम्बन्धमा आवस्यक निर्देशन गर्न, दुबै सभाको प्रतिनिधित्व रहने गरि लैंगिक समानता सम्बन्धि निर्देशन र कार्यान्वयनको अनुगमनको लागि एक छुट्टै समिती गठन गर्नुपर्छ। |
| १६ | ३६ | ३ | | | थप गरिने | संयुक्त समितिको सुव्यवस्थित ढङ्गले कार्यसम्पादन गर्ने सम्बन्धमा कार्यतालिका बनाई लागू गर्नु पर्नेछ। | कुशल कार्यसम्पादनका लागि कार्यतालिका आवश्यक |

(१) नाम, थर: सुमना श्रेष्ठ          दस्तखत:          क्र. स.: २५२          मिति २०८०-०२-१३